**अनुसूची-२**

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

# भजनी नगरपालिका, कैलाली

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : २ प्रमाणिकरण मितिः२०८२।०३।३२ प्रकाशन मितिः२०८२।०३।३२

## भाग – १

**भजनी नगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय संञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२**

**प्रस्तावना :** भजनी नगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम भजनी नगर सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "भजनी नगरपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन २०८२ साउन ०१ गतेबाट प्रारम्भ हुनेछ।

२.**सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०८२/०८३ को लागि नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा **रकम रु. ६८,४३,६५,३४१।- (अठ्सठ्ठी करोड त्रिचालिस लाख पैसठ्ठी हजार तिनसय एकचालिस मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

३. **विनियोजन :** (१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त भजनी नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा वा कुनै योजनामा थपघट गर्नुपरेमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको **२५ प्रतिशत** मा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षक तर्फ

सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको **२५ प्रतिशत** भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

४) यस नगरपालिकाको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न पारित विनियोजन विधेयकको अनुमानित आर्थिक, सामाजिक, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास सेवाप्रवाह, वित्तिय व्यवस्थापन र सुशासन लगायत कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च शीर्षक अर्न्तगतको बजेट सिमा भित्र रहि नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अख्तियारी प्राप्त अधिकारीले निर्णय गरी कार्यक्रम तथा बजेट कार्यन्वयन गर्न सक्नेछ ।

५) आ.व २०८२/०८३ मा केन्द्र सरकार, प्रदेश सरकार र अन्य दातृ निकायबाट कुनै कार्यक्रम/आयोजनाका लागि थप बजेट प्राप्त भएमा नगर कार्यपालिकाले निर्णय गरी सो बराबरको रकम संञ्चित कोष खाताबाट खर्च गर्न सक्नेछ ।

६) आ.व.२०८२/०८३ का लागी विनियोजित वजेटको सीमाभित्र रही नगर कार्यपालिकाले निर्णय गरी खर्च शिर्षक मिलान हुने गरी औचित्यताका आधारमा कार्यक्रम तथा आयोजनाहरुमा बजेट बाँडफाँड र संसोधन गर्न सक्नेछ ।

## संचित कोषबाट विनियोजन हुने रकम (रु.हजारमा)

अनुसूची-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ७ |
| १ | | चालु खर्च (पालिका र वडा तर्फ) | २३०००० | ० | २३०००० |
| २ | | नगर स्तरीय योजना (विषय क्षेत्रगत) | ० | २५१०० | २५१०० |
| ३ | | नगर स्तरीय योजना | ० | २०००० | २०००० |
| ४ | | वडा स्तरीय योजना | ० | ५७५०० | ५७५०० |
| ५ | | वडा कार्यालय व्यवस्थापन चालु | ४५०० | ० | ४५०० |
| ६ | | समपुरक कोष पुँजीगत तर्फ | ० | ० | ० |
| ७ | | सशर्त अनुदान पुजीगत (संघिय सरकार ) | ० | ११००० | ११००० |
| ८ | | सशर्त अनुदान चालु (संघिय सरकार ) | २३१८०० | ० | २३१८०० |
| ९ | | सशर्त अनुदान पुजीगत (प्रदेश सरकार ) | ० | ४००० | ४००० |
| १० | | विशेष अनुदान (प्रदेश सरकार ) | ० | ८५०० | ८५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | | समपुरक अनुदान ( सङ्घीय सरकार) र नगरपालिकाको ५०% म्याचिंग सहित | ० | १३४०० | १३४०० |
| १३ | | समपुरक अनुदान(प्रदेश सरकार) र नगरपालिकाको ५०% म्याचिंग सहित | ० | २७००० | २७००० |
| १४ | | नगर गौरव योजना | ० | १०००० | १०००० |
| १५ | | दिगो विकास लक्ष्य कार्यान्वयन | ० | २०६५ | २०६५ |
| १६ | | जे.सि.वि., ट्याक्टर, ट्राली, पानी ट्यांकी, शव बहान खरिद | १०००० | ० | १०००० |
| १७ | | कर्मचारी कल्याणकोष | २५०० | ० | २५०० |
| १८ | | क्रमागत योजनाको अल्या रकम | ० | ० | ० |
| १९ | | एक वडा एक पिच सडक कार्यक्रम | ० | २७००० | २७००० |
| | | **जम्मा बजेट रु.** | ४७८८०० | २०५५६५ | ६८४३६५ |

आज्ञाले,

नीलमकुमार न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत